# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०८० साल बैशाख १ गते देखि असार मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य क्रियाकलापहरुको विवरण




## राष्ट्रिय महिला आयोग

## भद्रकाली प्लाजा, काठमाडौं

मिति  २०८० साल साउन १५ गते

## १. आयोगको स्वरुप र प्रकृति :

महिलाहरुको हक हितको संरक्षण र संबर्द्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ (७ मार्च २००२) गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत् पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्यक्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भई आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

- महिलाको हकहित संरक्षण एवं संबर्द्धन गर्ने ।
- महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने
- महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने
- लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधानको धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ:

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छ :

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ)	महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ)	महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च)	महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ)	महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज)	आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ)	सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ)	आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

**आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरु :**

क)	महिलाको हक, हित र अधिकारको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख)	नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग)	महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,

घ)	सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ)	"खबर गरौं ११४५ हेल्पलाइन सेवा" मार्फत् हिंसा पीडित महिलाहरुलाई कानुनी तथा मनोपरामर्श गरी न्यायिक उपचारको लागि सहयोग गर्ने ।

## ३. आयोगको संगठन तालिका

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छ :-

# राष्ट्रिय महिला आयोगको संगठन संरचना

सचिव
रा.प.प्रथम (प्रशासन) - १

**प्रशासन तथा योजना शाखा**
उपसचिव रा.प. द्वितीय
(प्र./सा.प्र.) -१
शा.अ रा.प.तृ.(प्र./सा.प्र.)
-२
ना.सु रा.प.अनं.प्रथम
(प्र./सा.प्र.)-५
क. अ. रा.प.अनं.प्रथम
(विविध)-२
हेल्पलाइन अपरेटर
रा.प.अनं.प्रथम विविध-२
ह.स.चा. (श्रेणीविहीन)- ७
का.स, (श्रेणीविहीन) -७

**उजुरी तथा मुद्दा व्यवस्थापन शाखाः**
उपसचिव रा.प. द्वितीय
(न्याय/कानून)-१
शा.अ.,रा.प.तृ.(न्याय, स.व.)
-१
मनोसामाजिक परामर्शदाता अधिकृत
(स्वास्थ्य/छैटौ/सातौं) - १
मनोसामाजिक परामर्शदाता-
(स्वास्थ्य/चौथो/पाँचौ) -१

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखाः**
उपसचिव रा.प.
द्वितीय
(प्र.,सा.प्र.) -१
कानून अधिकृत
रा.प.तृ.
(न्याय, कानून) -१

**महिला विकास समन्वय शाखाः**
प्र.म.वि.अ.रा.प.
द्वितीय
(विविध) -१
म.वि.अ रा.प.तृ
(विविध) -१
म.वि.नि रा.प.अनं
प्रथम (विविध)-१

**आर्थिक प्रशासन शाखाः**
लेखा अधिकृत
रा.प.तृ.
(प्र.,लेखा) -१
लेखापाल
रा.प.अनं.प्रथम
(प्र.,लेखा)-१

**दरबन्दी तेरिज**

सचिव रा.प. प्र. (प्र) - १
उ.स. रा.प. द्वि. (प्र) -२
उ.स.कानुन रा.प. द्वि- १
प्र.म.वि.अ. - १
शाखा अधिकृत रा.प. तृ -२
कानुन अधिकृत रा.प.तृ -१
शा.अ. स.व.रा.प. तृ -१
ले.अ. रा.प. तृ (सा.प्र)- १
म.वि.अ. रा.प. तृ (विविध) -१
मनोसामाजिक परामर्शदाता - छैटौ/सातौ -१
ना.सु. रा.प. अनं. प्र. (सा.प्र)- ५
ले.पा. रा.प.अनं. प्र. (प्र) - १
मनोसामाजिक परामर्शदाता. चौथो/पाचौ- १
म.वि.नि. रा.प. अनं. प्रथम - १
क.अपरेटर रा.प. अनं. प्र. विविध -२
हेल्पलाइन अप. -२
ह.स.चा. -७

राष्ट्रिय महिला आयोगले संबैधानिक आयोगको हैसियत प्राप्त गरेसँगै संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survery) गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ। जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ। यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित ११ पद, राजपत्र अनंकित ९ गरी जम्मा २० पद पूर्ति भएको छ भने विभिन्न श्रेणीका पदमा रहेका अन्य कर्मचारीहरु अन्यत्र कामकाजमा खटिएको अवस्था छ।

## मौजुदा दरबन्दी र पदपूर्तिको अवस्था :

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्धितीय | न्याय | कानून | १ | १ | | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्धितीय | विविध | | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | - | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | - | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | १ | | १ जना करार सेवाम |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | - | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | १ | | |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | - | १ | |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | - | १ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | - | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहिन | | | ७ | ७ | - | |
| २० | **जम्मा** | | | | **३८** | **३७** | **४** | |

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले विगतमा विश्व बैंकको सहयोगमा Itegrated Platform for Gender Based Violence & Response (IPGBVPR) in Nepal नामक परियोजना अन्तर्गत **"खबर गरौं ११४५ हेल्पलाइन सेवा"** सञ्चालनमा रहेकोमा हाल नेपाल सरकारबाट अस्थायी दरबन्दी स्वीकृत गरी नेपाल सरकारकै बजेटबाट उक्त सेवा सञ्चालन गरिएको छ । उक्त सेवा सञ्चालनका लागि निम्न पदहरुमा कर्मचारीहरु करार सेवामा नियुक्ती भई कार्यरत रहेका छन् ।

| क्र.स. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | |
| २ | कानून अधिकृत | २ | |
| ३ | मनोसामाजिक मनोविमर्शकर्ता | १ | |
| ४ | हेल्पलाइन अपरेटर | १० | |
| ५ | कार्यालय सहयोगी | २ | |
| ६ | ह.स.चा. | १ | |
| | जम्मा | १७ जना | |

## ४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

### प्रशासन तथा योजना शाखा

- अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,

- ❖ आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- ❖ कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- ❖ तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्य,
- ❖ पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- ❖ आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ❖ पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- ❖ नागरिक वडापत्र/गुनासा सम्बन्धी कार्य,
- ❖ खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- ❖ आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- ❖ वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- ❖ आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- ❖ स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan) कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,
- ❖ आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,
- ❖ तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- ❖ हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन सञ्चालित **खबर गरौं ११४५ हेल्पलाईन सेवा** व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

**ख) महिला विकास समन्वय शाखा**

- ❖ स्थानीयतहमा महिला विकास सम्बन्धी कार्यको व्यवस्थापन गर्न एकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- ❖ लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- ❖ महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,

- ❖ महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- ❖ महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,
- ❖ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभांवकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य  सम्बन्धी कार्य,
- ❖ विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- ❖ नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- ❖ लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमाा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,
- ❖ महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,
- ❖ महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

**ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा**

- ❖ महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- ❖ महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,

- ❖ नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- ❖ महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय /निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,
- ❖ आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- ❖ आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यममा प्रकाशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ❖ सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

**घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा**

- ❖ आयोग विरुद्ध परेका रिट निवेदन सम्बन्धी कार्य,
- ❖ आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,
- ❖ आवश्यक कानून निर्माण सम्बन्धी कार्य,
- ❖ आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- ❖ आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,
- ❖ उजुरी व्यवस्थापनको क्रममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- ❖ कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- ❖ उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- ❖ नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,
- ❖ तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,
- ❖ पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,

- ❖ महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- ❖ महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- ❖ महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
- ❖ पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

**ङ) आर्थिक प्रशासन शाखा**

- ❖ आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- ❖ निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- ❖ निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- ❖ खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखापरीक्षण गराउने,
- ❖ आयोगका कार्यक्रमहरुको आर्थिक पक्षको अनुगमन गर्ने,
- ❖ पेश्की बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यावधिक गराउने,
- ❖ आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- ❖ आयोगको आर्थिक कारोबारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने ।

**५ आयोगबाट प्रदान गरिने सेवा :**

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

- → महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन अनुसन्धान गरी त्यसमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र अनुगमन गर्ने,
- → नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने र सुझाव दिने,
- → लैङिगक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,
- → घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

- → मनोसामाजिक परामर्श सेवा : पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।
- → कानूनी परामर्श सेवा : आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।
- → अल्पकालीन आश्रय सेवा : घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।
- → आकस्मिक सहायताः पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

**६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| क्र.स. | शाखा | पद | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | श्री सीता अधिकारी<br>श्री रोशनी श्रेष्ठ | |
| २ | उजुरी तथा मुद्दा व्यवस्थापना शाखा | उपसचिव कानून<br>सरकारी वकिल | श्री चमिला भट्टराई<br>श्री उषा गजमेर | |
| ३ | नीति निर्माण अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उप सचिव प्रशासन<br>कानून अधिकृत | श्री सीता निरौला<br>श्री आश्रृती पोखरेल | |
| ४ | प्रशासन तथा योजना शाखा | उपसचिव प्रशासन<br>शाखा अधिकृत<br>शाखा अधिकृत /सूचना अधिकारी | श्री गिरिराज ज्ञवाली<br>श्री चन्द्रा थापा | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | लक्ष्मी देवी रेग्मी रिजाल | |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार बमोजिम तोकिएको शर्तको अधीनमा रही अधिकारको प्रयोग र पालना गर्ने गरी निर्णय गरिन्छ ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**लैं**गिक तथा महिला हिंसाका घटनासँग सम्बन्धित उजुरीहरु उजुरी तथा मुद्धा व्यवस्थापन शाखाबाट सुनुवाई हुने गरेको छ । अन्य सामान्य किसिमका उजुरीहरु आयोगका सचिवबाट सुनुवाई हुने गरेको र आवश्यकतानुसार आयोगमा समेत पेश हुने गरेको ।

## १०. सम्पादन गरेको कामको विवरण

आयोगले आ.व.२०७९/०८० को  माघ १ गते देखि चैत्र मसान्तसम्मको त्रैमासिक अवधिमा आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन् :

### (क) अन्तर्क्रिया कार्यक्रम

| क्र.सं. | कार्यक्रम | मिति र स्थान | कार्यक्रमको उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधि संग प्रदेश स्तरीय अन्तरक्रिया | २०८० जेष्ठ २२, २३ २४ र २८ गते क्रमशः मकवानपुर, धनुषा, कास्की र रुपन्देही | • नेपालको संविधान र अन्य कानूनहरुमा महिलाको नीतिगत तहमा प्रतिनिधित्व गराउने व्यवस्था बारे जानकारी गराईएको,<br>• सम्बन्धित प्रदेशहरुमा महिलाको समग्र पक्षको नीतिगत तहमा सहभागिताको अवस्थाको विश्लेषण गरिएको,<br>• महिलालाई नीतिगत तहमा पुर्याउन देखिएका कानूनी तथा व्यवहारगत समस्याहरुको बारे छलफल गरिएको,<br>• महिलालाई नीतिगत तहमा पुर्याउन राष्ट्रिय | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | महिला आयोगले निभाउनु पर्ने भूमिका र नीतिगत सुझावहरु संकलन गर्ने अवसर प्राप्त भएको । | |
| २ | समाजमा विधमान हानिकारक अभ्यास तथा प्रथाहरु विरुद्धको अन्तर्क्रिया | २०८० बैशाख १२, १३, १४, १५, १७ र १९ गते क्रमशः नवलपरासी पश्चिम, कपिलवस्तु गुल्मी, अर्घखाँची, कालिकोट र जुम्ला<br><br>२०८० जेष्ठ ११, १२ र ३० गते क्रमशः रौतहट सर्लाही र बारा<br><br>२०८०/३/५ गते कैलाली । | • समाजमा विद्यमान हानिकारक अभ्यासहरुको कानूनी व्यवस्था सम्बन्धी जानकारी प्रदान गरिएको।<br>• सम्बन्धित स्थानीय तहमा विधमान रहेका हानिकारक अभ्यासहरु र त्यसले पारेको प्रभावको अवस्था बारे जानकारी लिएको।<br>• हानिकारक अभ्यासहरुको निराकरणका लागि आयोगको भूमिका सम्बन्धमा सल्लाह, सुझाव तथा पृष्ठपोषण लिएको । | |
| ३ | लैङ्गिक हिंसा न्यूनीकरणका लागि राजनीतिक तथा सामाजिक क्षेत्रका यूवाहरुसँगको अन्तर्क्रिया कार्यक्रम | २०८० बैशाख १३ र २७ गते क्रमशः पाल्पा र महोत्तरी | • राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार तथा गतिविधिहरुको बारेमा जानकारी गराउने अवसर प्राप्त भएको ।<br>• महिला हिंसा न्यूनीकरण गर्न यूवाहरुको भूमिकाको विषयमा जानकारी गराई राजनीतिक तथा सामाजिक क्षेत्रका यूवाहरु र अन्य सरोकारवाला निकायहरु र पक्षहरुलाई जिम्मेवार बन्न आग्रह गरिएको।<br>• पाल्पा जिल्लामा लैंगिक तथा महिला हिंसाको अवस्था बारे जानकारी लिने अवसर प्राप्त भएको। | |

| | | | | |
|---|---|---|---|---|
| ४ | महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सुरक्षा निकायसंग रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम | २०८० बैशाख ८, १४, १५ र १८ गते क्रमशः काठमाडौं, कपिलवस्तु, सुर्खेत र सिन्धुली<br><br>२०८०/२/२३ गते पर्वत<br><br>मिति२०८०/३/६ गते धनगढी | • सूरक्षा निकायसँग महिला हिंसाको अवस्था र त्यसको न्यूनीकरणमा देखिएका समस्या तथा चुनौती सम्बन्धी जानकारी लिने अवसर प्राप्त भएको,<br>• सूरक्षाको दृष्टिले महिला हिंसा न्यूनीकरणका लागि राष्ट्रिय महिला आयोगले खेल्नुपर्ने भूमिका बारे सुझाव संकलन गरिएको,<br>• महिला हिंसा न्यूनीकरणका लागि नेपाल सरकारलाई दिनुपर्ने नीतिगत सुझाव तयार गर्न आधार भएको । | |
| ५ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गर्न संघीय सांसद र संसदीय दलका सभापतिहरुसँग को अन्तर्क्रिया | मिति २०८०/३/१४<br><br>काठमाडौं | • नेपालको संविधान र प्रचलित कानूनहरुमा महिलाको नीतिगत तहमा प्रतिनिधित्व गराउने व्यवस्था बारे जानकारी गराईएको,<br>• महिलाको समग्र पक्षको नीतिगत तहमा सहभागिताको अवस्थाको विश्लेषण गरिएको,<br>• महिलालाई नीतिगत तहमा पुर्याउन देखिएका कानूनी तथा व्यवहारगत समस्याहरुको बारे छलफल गरिएको,<br>• महिलालाई नीतिगत तहमा पुर्याउन राष्ट्रिय महिला आयोगले निभाउनु पर्ने भूमिका र नीतिगत सुझावहरु संकलन गर्ने अवसर प्राप्त भएको । | |
| ६ | अपाङ्गता भएका महिलाको हक अधिकारका विषयमा अन्तर्क्रिया | मिति २०८०/३/१८<br><br>काठमाडौं | • अपाङ्गता भएका महिला माथी हुने हिंसाको प्रकृति र अवस्थाको पहिचान भएको छ ।<br>• अपाङ्गता भएका महिलाको हक अधिकार प्रवर्द्धन गर्न राज्यले अवलम्वन गर्नु पर्ने प्रयासबारे नीतिगत सिफारिस गर्न सूचनाको आधार तय भएको छ ।<br>• अपाङ्गता भएका महिलाको क्षेत्रमा क्रियाशिल | |

| | | | | |
|---|---|---|---|---|
| | | | संघसंस्थाहरुको महिला आयोग प्रति सकारात्मक दृष्टीकोण विकास भई सहकार्यको वातावरण तयार भएको । | |
| ७ | लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको हक अधिकारको सवालमा अन्तर्क्रिया | २०८०/३/१७<br>काठमाडौं | • लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत सरोकारवालाहरु माझ विचारको आदानप्रदान भई सहकार्यको वातावरण तयार भएको ।<br>• नेपाल सरकारका निकायहरुलाई नीतिगत सुझावहरु पठाउन यस वर्गको सवालमा पर्याप्त सूचना र जानकारी प्राप्त भएको । | |
| ८ | सीमान्तकृत समुदायका महिलाको हक अधिकारका विषयमा अन्तर्क्रिया | २०८०/२/२३<br>सप्तरी | • नीतिगत तहमा सरकारलाई दिन सकिने सुझाव र सिफारिसका बारेमा छलफल भएको<br>• सीमान्तकृत महिलाहरुको सशक्तिकरणका लागि भावी कार्यदिशामा छलफल भएको | |

**(ख) पत्रकार सम्मेलन**

मिति २०८०/०१/०७ गते राष्ट्रिय महिला दोस्रो चौमासिक पत्रकारसँगको अन्तर्क्रिया कार्यक्रम आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षता तथा आयोगका सदस्यहरु माननीय कृष्ण कुमारी पौडेल खतिवडा, माननीय विद्या कुमारी सिन्हा, माननीय जया घिमिरे र माननीय सावित्रा कुमारी शर्माको उपस्थितिमा सम्पन्न् भएको छ ।चालु आ.व. २०७९/८० को दोस्रो चौमासिकमा आयोगबाट सम्पन्न गरिएका मुख्य मुख्य क्रियाकलापहरुको सम्बन्धमा आयोगका प्रवक्ता चमिला भट्टराईले प्रस्तुतीकरण गर्नुभएको थियो।प्रस्तुतीकरणका विषयमा पत्रकारहरुले उठाएका जिज्ञासा उपर आयोगका पदाधिकारीहरुले सम्बोधन गर्नुभएको थियो।

**(ग) राष्ट्रिय महिला अधिकार दिवशको अवसरमा शुभकामना कार्यक्रम**

राष्ट्रिय महिला आयोगको आयोजनामा २०८० जेठ १६ गते आयोगको सभाहलमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षता, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यू को प्रमुख आतिथ्यता , महिला तथा सामाजिक समितिको ज्येष्ठ सदस्य माननीय रोसन कार्कीज्यू लगायत राष्ट्रिय महिला आयोगको पूर्व अध्यक्ष, पूर्व सांसदहरु समेतको विशेष आतिथ्यता, विभिन्न आयोगका माननीय लगायत राष्ट्रिय महिला आयोगका माननीय सदस्यहरुको उपस्थितिमा राष्ट्रिय महिला आयोगको संस्थापक सदस्य तथा संविधान सभा सदस्य विन्दा पाण्डेको महिला अधिकार सम्बन्धी अवधारणा पत्रको प्रस्तुति सहित महिला आन्दोलनका बिभिन्न चरणहरु , प्राप्त उपलब्धि र भावी कार्यदिशाको समेत चर्चा गर्दै पाँचौं राष्ट्रिय महिला अधिकार दिवश समारोह सम्पन्न भएको छ।

**(घ) योगमाया न्यौपाने स्मृति समारोह**

मिति २०८०।३।१९ गते राष्ट्रिय महिला आयोगको आयोजनामा योगमाया न्यौपानेको स्मृतिमा विशेष समारोह होटल Yellow Pagoda मा सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय सभाको विधायन समितिका सभापति जयन्ती राई प्रमुख अतिथीको रुपमा उपस्थित हुनु भएको थियो । प्रवचकको रुपमा संविधानसभा सदस्य विन्दा पाण्डे हुनुहुन्थ्यो । स्वागत मन्तव्य आयोगका माननीय सदस्य जया घिमिरेबाट कार्यक्रमको उद्देश्य सहित भयो । कार्यक्रममा विभिन्न संवैधानिक निकायका पदाधिकारीहरु उपस्थित भई स्मूति मन्तव्य व्यक्त गर्नु भयो । कार्यक्रमको आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले योगमाया न्यौपानेको योगदानको चर्चा गर्दै आयोगबाट यो विषयलाई थप महत्व दिने प्रतिवद्धता सहित कार्यक्रमको औपचारिक समापन गर्नु भयो ।

**(ङ) आयोगबाट विभिन्न मिति र स्थानमा भएका स्थलगत अनुगमनहरु**

१. मिती २०८० बैशाख १२ गते राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा उपसचिव चमिला भट्टराई, आयोगका सरकारी वकिल वर्षा ढकाल

सहितको टोलीबाट दार्चुला जिल्लाको सरकारी अस्पतालमा लैंगिक हिंसा पिडितका लागि सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट प्रवाह गरिरहेको सेवाको अवस्था, जनशक्ति, भौतिक पूर्वाधार, सेवाग्राहीको पहुँच लगायतको अवस्था अध्ययन अनुगमन गरियो।अनुगमनको क्रममा भौतिक पूर्वाधार, दक्ष जनशक्ति, सेवाग्राहीलाई सेवा सम्बन्धी सूचना- जानकारी, सेवामा पहुँच, सबै पक्षबाट अत्यन्त कमजोर अवस्था लगायतका विषयमा अनुगमन सम्पन्न भएको छ।

२. मिती २०८०नेपालमा ग्राम अवसर शुभ सस्था स्थित काठमाडौं दिन गतेका १५/०१/ राष्ट्रिय महिला आयोगको माननीय सदस्य जया घिमिरेको नेतृत्वमा मनोसामाजिक मनोपरामर्शकर्ताहरु पार्वती सुबेदी र तुलसा कट्वाल सहितको टोलीले सस्थाको कार्यक्रम प्रबन्धक विकास ढुङ्गाना, कार्यक्रम अधिकृत रन्जना शर्मा लगायत अन्य कर्मचारीहरु र सेवाग्राहीहरु संग भेटघाट तथा छलफल गर्नुको साथै माननीय सदस्य जया घिमिरे ज्युले सस्थाको राम्रा कार्यहरुको लागि हाैसला तथा आगामी दिनहरुमा अझ प्रभावकारी ढंगले थप सेवा दिन आवश्यक सल्लाह सुझाव दिई अनुगमनको कार्य सम्पन्न भयो ।

**(छ) प्रकाशन तथा प्रसारणहरु**

- **नेपालमा महिलाको अवस्था**

## ११. राष्ट्रिय महिला आयोगले सञ्चालन गरेको "खबर गरौं ११४५ हेल्पलाइन सेवा" सम्वन्धी जानकारी:

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले **"खबर गरौं हेल्पलाइन ११४५ सेवा"** को सञ्चालन गरिएको छ । यस हेल्पलाईनमा फोन, sms, स्वयं उपस्थित भएर, इमेल वा वेबसाईटबाट पनि सम्पर्क गर्ने सबै प्रकारको व्यवस्था गरिएको छ ।

१) हेल्पलाइन सेवाको उद्देश्य :

- ❖ लैङ्गिकतामा आधारित हिंसासँग सम्बन्धित मुख्य सरोकारवालाहरुमा जनचेतना अभिबृद्धि गर्ने ।
- ❖ लैङ्गिकतामा आधारित हिंसा विरुद्ध निःशुल्क हेल्पलाइन सेवा (टेलिफोन सेवा) संचालन गर्ने ।
- ❖ राष्ट्रिय महिला आयोगको सेवा प्रवाहलाई अझ चुस्त, गुणस्तरीय तथा ब्यापक बनाउने ।

- ❖ हालको कार्यलाई थप प्रभावकारी बनाउनका लागि अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि गर्ने ।
- ❖ आवश्यक अध्ययन र छलफल पश्चात् हेल्पलाइन सेवाको प्रदेश स्तरमा विस्तार गर्ने,

२) हेल्पलाइन सेवाको उपलब्धि :

- ❖ घरेलु तथा लैङ्गिक हिंसाको समस्या वा प्रभावमा परेका महिला तथा बालबालिकाका लागि हेल्पलाइन उजुरी गर्ने सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ । समस्यामा परेका महिला तथा बालबालिकाले हेल्पलाइनमा आफ्ना कुराहरु निर्धक्कसाथ राख्ने गरेका छन् र आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्ने गरेका छन् ।
- ❖ हिंसा प्रभावितहरुको विश्वास आर्जन गर्न सकेको छ भने अर्कोतर्फ हिंसाको तत्कालै सम्बोधन हुने हुनाले उनीहरुको न्याय, प्रभावितहरु तथा तिनका आश्रितहरुको संरक्षण र सरल तथा सहज न्याय प्राप्तिको मार्गलाई सुनिश्चित गरेको छ ।
- ❖ जोखिममा परेका महिला तथा बालबालिकाहरुलाई तत्काल राहत प्रदान गर्न विभिन्न आश्रय स्थलमा पठाउने गरिएको छ।
- ❖ कानूनी सहायता केन्द्र (ल्याक) र नेपाल बार एशोसियशन मार्फत् कानूनी उपचारका लागि निःशुल्क कानूनी सेवा प्रदान गर्दै आइरहेको छ।
- ❖ लैङ्गिक हिंसा निवारणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा वृद्धि भएको छ ।
- ❖ सेवा प्रदायक संस्थाहरुबाट उपलब्ध हुने सेवाको बारेमा Mapping गरिएको ।

**आयोगमा दर्ता भएको उजुरीहरु / प्रदान गरिएका सेवाहरु**

(२०७९ बैशाख १ गते देखि असार मसान्तसम्म)

**आयोगमा दर्ता भएका उजुरीहरु**

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| माघ | ६५ | ७ | ७२ |
| फागुन | ७२ | ८ | ८० |
| चैत्र | ८७ | ६ | ९३ |
| जम्मा | २२४ | २१ | २४५ |

**आयोगमा दर्ता भएका उजुरीहरुको प्रदेशगत विवरण**

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| कोशी | ७ | ० | ७ |
| मधेश | ४ | ० | ४ |
| वागमती | २०८ | १७ | २२५ |
| गण्डकी | २ | १ | ३ |
| लुम्विनी | १ | ० | १ |
| कर्णाली | ० | ० | ० |
| सुदुर पश्चिम | २ | ० | २ |
| प्रदेश उल्लेख नभएको | ० | ३ | ४ |
| **जम्मा** | २२४ | २१ | २४५ |

**हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु**

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानसिक हिंसा | २३९ |
| आर्थिक हिंसा | १६१ |
| शरीरिक हिंसा | १३० |
| यौनजन्य हिंसा | ७ |

**राष्ट्रिय महिला आयोगले साझेदार संस्थाहरुसँग समन्वय गरी प्रदान गरिएका सहयोग तथा सेवाहरु**

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मनोसामाजिक मनोविमर्श | १२२ |
| कानुनी परामर्श | ६७ |
| मेलमिलाप | ६४ |
| अदालतमा प्रतिनिधित्व (Coutr Representation) | ५ |

**सिफारिस गरिएका संस्थाहरु**

| सेवाको प्रकार | संख्या |
|---|---|
| साथी (सुरक्षित आश्रयस्थलको लागि) | ३ |
| ल्याक(कानूनी सहायताको लागि) | १२ |
| टि.पि.ओ नेपाल(मनोसामाजिक परामर्श सेवाको लागि) | ३ |
| नेपाल बार | ७ |

## १२. प्रमुख र सूचना अधिकारीको नाम

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | कमल बहादुर राजलवट | सचिव |
| २ | चन्द्रा थापा | सूचना अधिकारी |

## १३. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

| क्र.सं. | ऐन, नियम, विनियम वा निर्देशिकाहरु |
|---|---|
| १ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| २ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ |
| ३ | लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउने सेवा प्रदायक संस्था छनौट तथा सेवा शूल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ |

| | |
|---|---|
| ४ | राष्ट्रिय महिला आयोगको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७८ |
| ५ | राष्ट्रिय महिला आयोग आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ |

**१४. आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

मिति २०८० बैशाख १ गते देखि असार मसान्तसम्मको कारोबारको अवस्था:

| **शीर्षक** | **विनियोजित बजेट रु.** | **चैत्र मसान्त सम्मको खर्च** | **खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| चालु खर्च | ५५८,१४,०००/- | ४,४७,३०,६०१/११ | ८० | |
| पुँजीगत खर्च | २३,००,०००/- | १३,७७,५१३/– | ९३ | कट्टा रकम रु ८ लाख ६० हजार १५० |
| कार्यक्रम खर्च | ३,२६,००,०००/- | १,५७,४८,६०४/२० | ७५ | कट्टा रकम रु १ करोड ९ लाख |
| पदाधिकारी खर्च | ८६,८६,०००/- | ८०,५०,५५६/४० | ९७ | |

**१५. राष्ट्रिय महिला आयोगको वेवसाइट**

www.nwc.gov.np र e-mail सम्पर्क info@nwc.gov.np रहेको छ।

**१६. राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरण :**

हाल आयोगमा वैदेशिक सहायताबाट कुनैपनि कार्यक्रम नभएको ।

**१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

**१८. सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय**

माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

महत्वपूर्ण सूचनाहरु आयोगको बेबसाइटमा पनि राख्ने गरिएको ।